### आ.व. ०८२/८३ र ०८३/८४ को लागि आन्तरिक आय सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना!
(प्रथम पटक प्रकाशित मितिः- २०८२/०६/०२)

सूर्योदय नगरपालिकाको साझा सुबिधा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम यस कार्यालयले लगाउन सक्ने आन्तरिक आय ठेक्का आ.व.. २०८२/०८३ र आ.व २०८३/०८४ (२) दुई आ.व.को लागि सटर भाडा बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आह्वानका लागि यो ७ दिने सूचना प्रकाशन गरिएको छ।

तपशिलः-

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम् भाडा दर रु. (प्रति महिना प्रति सटर) | जमानत रकम रु. | जमानतको मान्य अवधि | दरभाउपत्र फाराम दस्तर |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ REVENUE 011-082/83 | Internal Revenue Collection Work From Sajha Subidha Kendra Sutter, Suryodaya Municipality Ward No. 06, Kanyam | 3,300/- | 2,000/- | 75 | 1,000.00 |

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय भित्र ठेक्का फारम खरिद दस्तुर वापत रु. १००० (एक हजार ) फिर्ता नहुने गरी व्यक्ति/ फर्म/ कम्पनी वा संस्थाको नामबाट Sutra Revenue Model को बैंक Interface बाट राजस्व दाखिला फाराम भरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको सूर्योदय नगरपालिकाको ग१.१ आन्तरिक राजस्व खाता (खाता नं. २१००१००३०१०१०००२) मा जम्मा गरी बैंक भौचर पेश गरेर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरी व्यक्ति/ फर्म/ कम्पनी वा संस्थाको नामबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक व्यक्ति वा फर्मले नियमानुसारको दस्तुर बुझाएको रसिद साथै निवेदन दिनु पर्नेछ। निवेदनका साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी र फर्म भए आ.व. ०८२/८३ सम्म नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, प्यान/भ्याट दर्ता प्रमाण पत्र र आ.व. ०८०/८१ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपि र निवेदनमा यस ठेक्काको ठेक्कापट्टा नं र कामको विवरण उल्लेख गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्र फाराम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ८ दिन को १२.०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको १.०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता तथा संसोधन गर्न मिल्ने छैन।

५. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ।

६. दरभाउपत्र को खाम बाहिर ठेक्का नम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना , फोन नं (घरको, मोबाईलको) र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ।

७. दरभाउपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अङ्कको उल्लेखित दरभाउपत्र धरौटी रकम सूर्योदय नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको ग३.० धरौटी खाता (खाता नं. २१००१००३०३००००००२) मा व्यक्ति/ फर्म/ कम्पनी वा संस्थाको नामबाट नगद जम्मा गरेको सक्कल भौचर वा दराभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा

जारी गरिएको जमानी पत्र (Bid Bond) पेश गर्नु पर्नेछ। सो जमानी पत्र/ भौचरमा सम्बन्धित ठेक्कपट्टा नं. र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ। दरभाउपत्र को मान्य अवधी ७५ दिनको हुनु पर्नेछ।

८. दरभाउपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
९. एउटा व्यक्ति वा फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन।
१०. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई बुझाउनु पर्ने सबै प्रकारका दायित्वहरु दरभाउपत्रदाता स्वयमले बुझाउनु पर्नेछ।यदि बुझाउनु पर्ने दायित्व बाँकी भएका दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिने छैन।
११. लक्षित वर्गका लागि दरभाउपत्र पेश गर्दा प्रचलित कानून बमोजिम तोकिएको महिला, आदिवासी जनजाति, दलित, लोपोन्मुख, सिमान्तकृत, अल्पसंख्यक, अपांगता भएको व्यक्ति, वैदेशिक रोजगारीबाट फर्किएको प्रमाण खुल्ने कागजात ठेक्का फाराममित्र राखी पेश गर्नुपर्नेछ।
१२. साझा सुविधा केन्द्रको बाँयातर्फबाट २५ प्रतिशत सटर लक्षित वर्गको लागि उपलब्ध गराइनेछ।उक्त सटर नं. १३, १४, १५ र १६ कायम गरिएको छ।
१३. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराइएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
१४. दरभाउपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु, BID DOCUMENT तथा प्रचलित ऐन नियमअनुसार हुनेछ।
१५. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।
१६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।
१७. ठेक्काको अवधि आ.व. २०८२/०८३ र आ.व. २०८३/०८४ दुई आ.व. २०८४ असार मसान्त सम्मको लागि हुनेछ।
१८. सटर भाडा सञ्चालन अनुमती प्राप्त गरी उक्त सटर सञ्चालन गर्दा प्रयोग हुने पानी तथा बिजुलीको महशुल जडान भएको मिटरको आधारमा दरभाउपत्र दाताले नै बुझाउनु पर्नेछ।
१९. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
२०. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको राजश्वा शाखाको मोवाइल नं. ९८४४६०८२९६ सम्पर्क गर्न सकिनेछ।

चुडामणी वराल
अधिकृत छैटौं